बैठक संख्या - ६८

आज मिति २०७६ साल कार्तीक १ गतेका दिन यस कनकाई नगरपालिका कार्यालयका नगर प्रमुख श्री राजेन्द्र कुमार पोखरेल ज्यू को अध्यक्ष्यतामा वडा अध्यक्ष, कार्यपालिका सदस्य, सहीतको उपस्थितिमा नगर कार्यपालिकाको बैठक नगरपालिकाको कार्यालयमा बसी देहाय अनुसारका निर्णय गरियो ।

१. नगर प्रमुख राजेन्द्र कुमार पोखरेल–

२. नगर उप प्रमुख मञ्जु प्रसाई–

३. वडा अध्यक्ष रोशन राज पोखरेल–

४. वडा अध्यक्ष परशुराम गिरी –

५. वडा अध्यक्ष रुद्र प्रसाद चिमरीया–

६. वडा अध्यक्ष गोबिन्द प्रसाद पौडेल–

७. वडा अध्यक्ष कृष्ण बहादुर राई–

८. वडा अध्यक्ष लक्ष्मी प्रसाद ओली –

९. वडा अध्यक्ष लीला बहादुर कन्दङ्वा–

१०. वडा अध्यक्ष प्रेम बहादुर कटुवाल–

११. वडा अध्यक्ष प्रेम प्रसाद राजवंशी–

१२. कार्यपालिका सदस्य सिता अधिकारी–

१३. कार्यपालिका सदस्य साबित्रा बर्देवा–

१४. कार्यपालिका सदस्य चुवा लाल राजवंशी–

१५. कार्यपालिका सदस्य देबेन्द्र कुमार दर्जी–

१६. कार्यपालिका सदस्य कृष्ण माया भुजेल–

१७. कार्यपालिका सदस्य सुनिता खरेल सिग्देल–

१८. कार्यपालिका सदस्य नवलकिशोर दत्त कायस्थ–

१९. कार्यपालिका सदस्य मुना बयलकोटी

२० सदस्य सचिव नि प्र प्र अ हरि प्रसाद मिश्र

अन्य कर्मचारी

मिति २०७६। ७। १ गतेको बैठक निर्णयहरु

निर्णय नं.१

यस कनकाई न.पा को पाँचौ नगर सभाबाट स्वीकृत भएका योजना तथा कार्यक्महरुको हाल सम्म भएको प्रगति वडा स्तरीय योजना संम्झौता सम्बन्धमा ब्यापकरुपमा छलफल गरियो ,वडा स्तरीय योजना तथा कार्यक्महरु २०७६ मसिर मसान्त सम्ममा सम्पन्न गर्ने गरी काम अगाडि बढाउने निर्णय गरियो ।

निर्णय न. २

न.पा का बजेट तथा कार्यक्महरुलाई ब्यवस्थित रुपमा संचालनका लागि प्राबिधिकहरुलाई तपसिल अनुसारका वडामा बिभाजन गर्ने निर्णय गरीयो ।

तपसिल

१ इन्जिनियर श्री कुशल हुमागाई वडा न. १, ८ र ९

२ सव इन्जिनियर श्री मनोज कुमार चौधरी वडा न. २ ,४ र ५

३ अ सव इन्जिनियर श्री बिष्णु बहादुर आङ्गदम्बे वडा न. ३ ,६, र ७

निजहरुले प्रत्येक हप्ता २ दिनका दरले वडा अध्यक्ष ज्यूहरु समक्ष समय उपलब्ध गराई योजनाको लागत इृष्टमेट कार्यसम्पन्न लगायतका काम सम्पादन गर्ने निर्णय गरियो ।

निर्णय न. ३

यस कार्यालयको सूचना अनुसार बिरीङ खोलाको नदी जन्य सामाग्री बिकी तथा सो बिकी का लागि संचालन हुने सवारीबाट कर संकलनका लागि भएको सूचना अनुसार पर्न आएका बोलपत्र फारमहरु मुल्याकंन समितिबाट मुल्याकन भई पेश हुन आएका बोलपत्र फारम मध्ये सबै भन्दा बढी अंक कबोल गर्ने तपसिल अनुसारका बोलपत्रदाताको बोलपत्र आशयको सूचना प्रकाशन भई सकेको हुदा उक्त आशयको सूचना लाई अुमोदन गर्दै ,,कबोल अकंको ५० प्रतिशत बुझाएमा सात दिन सम्मको अस्थाई ईजाजत पत्र दिने र बाँकी सम्पूर्ण रकम दाखिला गरी सके पछि बार्षिक इजाजत पत्र दिने निर्णय गर्दै गरियो ठेक्का अवधि २०७६ साल कार्तिक दँखि २०७७ साल जेठ मसान्त सम्म आई ई ई प्रतिबेदन तथा सूचना अनुसार कर संकलन गर्न पाउने गरी इजाजत दिने निर्णय गरीयो ।

तपसिल

१ मधुसुधन निमार्ण सेवा दमक सात बकोल अकं रु १६०००००० भ्याट सहित बिरीङ्ग खोलाको नदी जन्य सामग्री बिकी ।

२ मिन्सुना निर्माण सेवा कनकाई ७ कबोल अंक रु ४५६५१५० भ्याट सहीत नदी जन्य सामग्रीको सडक सुधार शुल्क

निर्णय नं. ४

राष्ट्रिय योजना आगोगबाट प्राप्त सुचना अनुसार यस कार्यालयबाट भएका निर्णय , डि पि आर समेतका आधारमा योजना छनौट गरी पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. ५

यस न.पा वढा न. ४ को त्रिबेणी टोलको मार्गबाट कनकाई नदी बाट गिटी बालुवा निकासी गर्ने मार्ग भएकोले सो मार्ग तत्काल मर्मत गर्नु पर्ने भएको हुदा हाल सो सडक न पा को मर्मत सम्भार कोष बाट गर्ने र पछि कनकाई नदी को राजश्व वाडफाँड भइ आउने आम्दानीमा समायोजन गर्ने निर्णय गरियो ।

निर्णय नं. ६

यस न. पा अर्न्तगत रहेका बालबिकास केन्द्रका सहयोगी कार्यकर्ता र बिद्यालय कर्मचारी समेतलाई गत आ. व देखि बितरण गरिदै आएको रु १०००। एक हज़ार मात्र मा रु ५०० मासिक थप गरी भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं. ७

बालबिकास केन्द्रमा अध्ययन रत बालबालिका हरुलाई प्रति बिद्यार्थी दैनिक रु १० दश रुपैयाका दरले २०७६ कार्ततिक महिना देखी दिवा खाजा दिने गरी आवश्यक ब्यवस्था मिलाउने निर्णय गरीयो ।

आजको बैठकमा उपस्थित उप प्रमुख लगायत सबै सदस्यहरु लाई धन्यबाद दिदै आजको बैठक समापन गरियो ।